आज मिति २०७७ पौष ०६ गते यस वेनीघाट रोराङ गाउँपालिकाको कार्यपालिका वैठक अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी ज्यूको अध्यक्षतामा वसि निम्न निर्णय गरियो ।

१. अध्यक्ष श्री पित्त बहादुर डल्लाकोटी

२. उपाध्यक्ष श्री देवि प्रसाद सिलवाल

३. वडा अध्यक्ष श्री नन्द प्रसाद तामाङ

४. वडा अध्यक्ष श्री टंक बहादुर थापा

५. वडा अध्यक्ष श्री भुवन त्रिपाठी

६. वडा अध्यक्ष श्री गुणराज उप्रेती

७. वडा अध्यक्ष श्री रोशन कुमार सिलवाल

८. वडा अध्यक्ष श्री देवकृष्ण आलेमगर

९. वडा अध्यक्ष श्री हिरालाल थपलिया

१०. वडा अध्यक्ष श्री विर बहादुर श्रेष्ठ

११. वडा अध्यक्ष श्री सुरेश मल्ल

१२. वडा अध्यक्ष श्री अम्वर बहादुर गुरुङ

१३. कार्यपालिका सदस्य श्री कमला राना मगर

१४. कार्यपालिका सदस्य श्री कान्छीमाया मगर

१५. कार्यपालिका सदस्य श्री विन्दा मगराती

१६. कार्यपालिका सदस्य श्री राधा कुमारी डल्लाकोटी

१७. कार्यपालिका सदस्य श्री राम बहादुर वराम

१८. प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण प्रसाद भट्टराई

आमन्त्रीत,

२. लेखा अधिकृत श्री सन्तोष अर्याल
३. सुचना अधिकारी श्री परशुराम घिमिरे

Scanned with CamScanner

निर्णय नं. १- बेनीघाट बजार खानेपानी उपभोक्ता समितिले बेनीघाट रोराङ गाउँपालिका वडा नं. ६ बेनीघाट बजार रहेको गोमती खोलाको किनार कुन्दिकेनी वनको अतिक्रम किनारमा रहेको शतभाई खोलाको मुल देखाई विधान पेश मुल दर्ता गरिपाऊँ भनी निवेदन पेश गरेकोमा उक्त विधानमा पदाधिकारीको संख्या बाँध किटान नभएको र उक्त मूलमा बेनीघाट बजार, वाडुनगर र आँवाडाँ समेतको हकदावी भई विभिन्न मितिमा निवेदन पर्न आएकोले विवादित मुल तथा नामाकरण गर्न स्थलगत रूपमा छलफल हुँदा हाल बेनीघाट बजारलाई खानेपानीको आवश्यकता नदेखिएको र आँवाडाँमा तत्काल खानेपानी समस्या भएको देखिएकोले मुल दर्ताको लागि निवेदन पेश गर्दा अन्य नाम पेश गरेको भए तापनि आँवाडाँ, बेनीघाट, वाडुनगर खानेपानी उपभोक्ता समिति बेनीघाट रोराङ, ६ नाम कायम गरी विधान संशोधन गरी खानेपानी मुल दर्ता गरी प्रमाण-पत्र दिने निर्णय गरियो।

निर्णय नं. २- यस गाउँपालिकाको राजमार्ग क्षेत्रमा रहेका फोहरहरू संकलन गरी आवश्यक व्यवस्थापन गर्न जग्गा व्यवस्थापन भएपछि फोहर संकलन तथा व्यवस्थापन गर्न गरी गाउँपालिका र साथी वालुवा प्रशोधन केन्द्र बिच सम्झौता भएकोमा गाउँपालिकाले जग्गा व्यवस्थापन तथा सरसफाइ गर्न नसकेको र फोहर संकलन कार्य व्यवस्थित नभएकोले हाल उक्त फोहर मैला व्यवस्थापन सम्बन्धि सम्झौता रद्द गर्ने र हाल सम्म फोहर संकलन गर्दा लागेको खर्चको बिल भरपाईको आधारमा कुल साथी वालुवा प्रशोधन केन्द्रलाई भुक्तानी दिने र अब आइन्दा सम्बन्धित वडाले फोहर व्यवस्थापन गर्ने स्थान व्यवस्थापन गर्ने र फोहर संकलनको लागि कर्मचारी व्यवस्थापन गरी गाउँपालिका आफैले फोहर मैला व्यवस्थापनको काम गर्ने निर्णय गरियो।

निर्णय नं. ३- यस गाउँपालिका क्षेत्रबाट संकलन भै जाने ढुङ्गा गिट्टी र बालुवा वस्तुहरूमा बिक्रि शुल्क संकलन वापत गाउँपालिकाले चालु आ.व. को लागि रु ३५२५४०००/- को ठेक्का प्रकाशन गर्दा कुनैपनि ठेक्का पर्न नआई पुन: ठेक्का प्रकाशन भएको र दोस्रो पटक समेत कुनै ठेक्का नपरेकोले चालु आ.व.को कात्तिक ६ महिना समेत व्यतित भै सकेको ले पहिलो प्रकाशन गरेको ठेक्का रकममा ठेक्का लाग्ने सम्भावना नरहेकोले चालु आ.व.को बाँकी अवधिको लागि रु २०००००००/- दुई करोड ठेक्का न्यूनतम रकम राखी पुन: ठेक्का प्रकाशन गर्न राजस्व परामर्श समितिबाट सिफारिस भै आएकोले राजस्व परामर्श समितिको सिफारिस बमोजिम ठेक्का प्रकाशन गर्ने निर्णय गरियो। साथै ठेक्का सम्झौता नभएसम्म अमानतबाट शुल्क संकलन गर्ने निर्णय गरियो।